नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

**(प्रथम पटक प्रकासित मिति २०६८। ४ ।५ )**

यस अस्पतालको आ.व.०६८/०६९ को लागि तपसिल वमोजिमका सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु परेकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वक शिलवन्दी गरि वोलपत्र यस अस्पतालको लेखा शाखामा दिनु हुन यो सूचना प्रकासित गरिएको छ ।साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) वोलपत्र फारम यो सूचना प्रकासित भएको मितिले सि.नं. १ देखि ४ सम्म ३० (तीस) औ दिन भित्र बोलपत्र दस्तुर रु.३०००।- र सि.नं. ५ को लागि बोलपत्र दस्तुर रु.१०००।- तथा सि.नं.६,७,८ को लागि १५ औ दिनभित्र बोलपत्र दस्तुर रु.३००।- फिर्ता नहुने गरी दाखिला गरी आ.व. २०६७/०६८ का लागि नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न प्रकाशित सूचना मितिको १५ औ तथा ३० औ दिन १२:०० वजेभित्र हुनेछ । साथै बोलपत्र खरीद गर्नको लागि निवेदकले आ.व.२०६८/६९ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र ०६७/०६८ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति संलग्न राखी वोलपत्र खरीद गर्न निवेदन पेश गर्नुपर्नेछ ।

२) खरीद भएको बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिले सि.नं १ देखि ५ सम्म ३१ (एकतीसौं) औ दिनको १२:०० वजे भित्र तथा सि.नं.६,७,८ सम्मको बोलपत्र १६ औ दिनको १२:०० वजे भित्र शिलवन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सि.नं.१ देखि ५ सम्म ३१ (एकतीसौं) दिनको २:०० वजे तथा सि.नं.६,७,८ को वोलपत्रहरु १६ औ दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भालिपल्ट हुनेछ ।

३) सिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत बोलकवोल रकमको २.५% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संभौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा पनी स्वीकृत गर्न सकिने छ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्रदाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधी, केमिकल तथा अन्य सामानहरु स्वीकार्य हुनेछैन । साथै औषधीको हकमा WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ ।साथै प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

का.मु. मेडिकल सुपरिटेन्डेन्ट

७) बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्रको खाम बाहिर ठेक्का नं. र सप्लाई गर्न चाहेको समानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । औषधि तथा केमिकलको हकमा औषधी स्वीकृत प्राप्त औषधि तथा केमिकलमात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन औषधि तथा केमिकल स्वीकार्य हुने छैन । आवश्यक परेमा औषधी र ल्याव केमिकल्सहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएको १ (एक) महिना भित्र गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११) बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ

१२) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१३) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१४) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

कार्यालयको नाम :- भरतपुर अस्पताल चितवन ।
कार्यालय कोड नं.:- ३५-३७०-०२
कार्यालय खाता नं.:- १-१-००१
राजश्व शिर्षक नं.:- १४२२७
बैंकको नाम:- रा.बा.बैंक.भरतपुर, चितवन

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | बोलपत्र वा दरभाउपत्र | बोलपत्र वा दरभाउपत्र दस्तुर | खरीद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम म्याद | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | १/६८/६९ | छपाइ सम्बन्धी कार्य | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औ दिनको १२:०० वजे | ३१ औ दिनको २:०० वजे |
| २ | २/६८/६९ | ल्याव तथा केमिकल | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औ दिनको १२:०० वजे | ३१ औ दिनको २:०० वजे |
| ३ | ३/६८/६९६ | औषधी खरीद | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औ दिनको १२:०० वजे | ३१ औ दिनको २:०० वजे |
| ४ | ४/६८/६९ | सर्जिकलजन्य सामान खरीद | बोलपत्र | ३००० | ३० औ दिन | ३१ औ दिनको १२;०० वजे | ३१ औ दिनको २:०० वजे |
| ५ | ५/६८/६९ | एक्सरे फिल्म तथा केमिकल | बोलपत्र | १००० | ३० औ दिन | ३१ औ दिनको १२:०० वजे | ३१ औ दिनको २:०० वजे |
| ६ | ६/६८/६९ | कपडाजन्य सामान खरीद | दरभाउपत्र | ३०० | १५औ दिन | १६ औ दिनको १२:०० वजे | १६ औ दिनको २:०० वजे |
| ७ | ७/६८/६९ | सरसफाईजन्य सामान खरीद | दरभाउपत्र | ३०० | १५औ दिन | १६ औ दिनको १२:०० वजे | १६ औ दिनको २:०० वजे |
| ८ | ८/६८/६९ | आयमुलक सटर भवन भाडा (आखा अस्पतालको छेउ) | दरभाउपत्र | ३०० | १५औ दिन | १६ औ दिनको १२:०० वजे | १६ औ दिनको २:०० वजे |

का.मु. मेडिकल सुपरिटेन्डेन्ट